# भाषा निर्देशिका

आत्महत्याको बारेमा छलफल गर्दा निश्चित भाषाहरुले समस्या निम्त्याउन सक्छ । तलको भाषा निर्देशिकाले समस्या निम्त्याउने भाषाका केही उदाहरणहरू प्रदान गर्दछ र सुरक्षित विकल्पहरूको सुझाव दिन्छ । यसको उद्देश्य आत्महत्या र यसका जटिलताहरूबारे चेतना र बुझाइ बढाउँदै हानिको जोखिम कम गर्ने रहेको छ ।

| समस्या निम्त्याउन सक्ने | विकल्प |
| --- | --- |
| 'आत्महत्या गरेको' वा 'आत्महत्या गर्नु' | 'आत्महत्या बाट मृत्यु भएको' वा 'आफ्नो ज्यान लिएको' वा 'आत्महत्या मृत्यु' |
| 'आत्महत्याको असफल प्रयास' वा 'आत्महत्याको प्रयास सफल हुन नसकेको' | 'आत्महत्याको प्रयास' वा 'अघातक आत्महत्या प्रयास' |
| 'आत्महत्याको सफल प्रयास' | 'घातक आत्महत्या प्रयास' |
| 'आत्महत्या पीडित' | 'आत्महत्या बाट मृत्यु भएका' |

## आत्महत्याको विधि र स्थानको विवरण नबताउनुहोस् वा नलेख्नुहोस्

अनुसन्धानका अनुसार आत्महत्याको विधि वा स्थानको विवरण समावेश गरिएको सार्वजनिक सञ्चारले आत्महत्याको दर बढाउँछ र यो आत्महत्याको विधि/स्थानको अनुकरणसँग पनि सम्बन्धित छ ।

| समस्या निम्त्याउन सक्ने | विकल्प |
| --- | --- |
| आत्महत्याको तरिका वा स्थान बारे विवरण | विधि वा स्थानको विवरण नराख्नुहोस् । यदि आवश्यक छ भने, विशिष्ट विवरणहरूको सट्टा सामान्य शब्दहरु प्रयोग गर्नुहोस् । |
| आत्महत्याको तरिका वा स्थान देखाउने तस्बिरहरु | आत्महत्याको विधि वा स्थान देखाउने कुनै फोटो, चित्र, रेखाचित्र वा भिडियो नराख्नुहोस् । |

कोभिड-१९ को समयमा आत्महत्याको जिम्मेवार रिपोर्टिङ: https://youtu.be/gozDLnnuo7A

Reporting on Suicide During the COVID-19 Pandemic, IASP & SAVE

यदि सहयोग आवश्यक भएमा, कृपया 'हेल्पलाइन खोज्नुहोस्' वेबसाइटमा जानुहोस्: https://www.iasp.info/suicidalthoughts